# संघीय संसद
# प्रतिनिधि सभा, २०७९

पहिलो अधिवेशन

## बैठक संख्या - ३

## सूचनापत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल माघ ५ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक माननीय ज्येष्ठ सदस्य/सम्माननीय सभामुख श्री पशुपति शम्शेर ज.ब.रा.को अध्यक्षतामा बिहान ११:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै मा० श्री रमेश लेखकले २०७९ साल माघ १ गते काठमाडौंबाट पोखरा गएको यति एयरलाइन्सको विमान दुर्घटनामा परि विमानमा सवार ७२ जनाको दुःखद निधन भएको, दुर्घटनामा परेकाहरुको शव समयमा नपाउँदा आफन्तजनमा आक्रोश रहेको, यति ठूलो विमान दुर्घटना हुँदा पनि सरकारले अग्रसरता लिई सदनलाई घटनाका सम्बन्धमा जानकारी नगराएकोले आजको कार्यसूचीमा भएको कार्यक्रमलाई पछि सारेर भएपनि सरकारको तर्फबाट उक्त विमान दुर्घटनाका सम्बन्धमा तत्काल सदनलाई जानकारी गराईयोस् भन्नुभयो ।

त्यसपछि मा० श्री प्रेम सुवालले २०७९ पुस २६ गतेपछि प्रतिनिधि सभामा प्रधानमन्त्रीलाई विश्वासको मत नदिने सबैभन्दा ठूलो पार्टीको रुपमा नेपाल मजदुर किसान पार्टी रहेकोले कानूनी व्यवस्था बमोजिम प्रमुख विपक्षी दल हुनुपर्ने, नेपाल मजदुर किसान पार्टीलाई प्रमुख विपक्षी दल तोकिएपछि मात्र प्रतिनिधि सभाको बैठक सञ्चालन गर्नुपर्ने, संसदीय व्यवस्थामा सरकारका विभिन्न पदमा साझेदारी गर्ने दल प्रमुख विपक्षी दल हुन नसक्ने लगायतका विषयमा आफ्नो भनाई राख्नुभयो ।

तदुपरान्त मा० सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीले २०७९ साल माघ १ गते काठमाडौंबाट पोखरा गएको यति एयरलाइन्सको विमान पोखरा विमानस्थल नजिकै दुर्घटना भएको, घटना लगत्तै उद्धारको प्रक्रिया अघि बढाइएको, विमान दुर्घटनाको सम्बन्धमा छानविन गर्न समिति गठन भएको र पहिचान भएका शवहरु आफन्तलाई यथाशिघ्र बुझाइएको र पहिचान नभएका शवहरुको समेत पहिचान गर्ने प्रक्रिया अगाडि बढाइएको सम्बन्धमा सदनलाई जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहालज्यूको सिफारिसमा मिति २०७९/१०/३ गते देहाय बमोजिमको मन्त्रिपरिषद् गठन गरी नियुक्ति र कार्यविभाजन समेत गर्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री पुष्पकमल दाहाल "प्रचण्ड" | प्रधानमन्त्री | युवा तथा खेलकुद; वन तथा वातावरण । |
| २. | श्री विष्णुप्रसाद पौडेल | उपप्रधानमन्त्री | अर्थ । |
| ३. | श्री नारायणकाजी श्रेष्ठ | उपप्रधानमन्त्री | भौतिक पूर्वाधार तथा यातायात । |
| ४. | श्री रबि लामिछाने | उपप्रधानमन्त्री | गृह । |
| ५. | श्री राजेन्द्रप्रसाद लिङ्देन | उपप्रधानमन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाई । |
| ६. | श्री रेखा शर्मा | मन्त्री | सञ्चार तथा सूचना प्रविधि । |
| ७. | श्री विक्रम पाण्डे | मन्त्री | सहरी विकास । |
| ८. | श्री ज्वाला कुमारी साह | मन्त्री | कृषि तथा पशुपंक्षी विकास । |
| ९. | श्री दामोदर भण्डारी | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति । |
| १०. | श्री राजेन्द्र कुमार राई | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण । |
| ११. | श्री अब्दुल खान | मन्त्री | खानेपानी । |
| १२. | डा० विमला राई पौड्याल | मन्त्री | परराष्ट्र । |
| १३. | श्री पदम गिरी | मन्त्री | स्वास्थ्य तथा जनसंख्या । |
| १४. | श्री भगवती चौधरी | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक । |
| १५. | श्री हरिप्रसाद उप्रेती | मन्त्री | रक्षा । |
| १६. | श्री सुदन किराती | मन्त्री | सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन । |
| १७. | श्री अमनलाल मोदी | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन । |
| १८. | श्री शिशिर खनाल | मन्त्री | शिक्षा विज्ञान तथा प्रविधि । |

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १९. | श्री डोलप्रसाद अर्याल | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा । |
| २०. | श्री ध्रुवबहादुर प्रधान | मन्त्री | कानुन, न्याय, तथा संसदीय मामिला । |
| २१. | श्री सुशिला श्रीपाली ठकुरी | राज्यमन्त्री | सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन । |
| २२. | डा० तोसिमा कार्की | राज्यमन्त्री | स्वास्थ्य तथा जनसंख्या । |
| २३. | श्री दिपकबहादुर सिंह | राज्यमन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाई । |

(यादवप्रसाद कोइराला)
मिति : २०७९/१०/३ सचिव

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभाको सभामुख पदको निर्वाचन कार्यक्रम अनुसार सभामुख पदमा मा० सदस्य श्री देवराज घिमिरे र मा० सदस्य श्री ईश्वरी देवी न्यौपानेलाई निर्वाचित गरियोस् भन्ने दुईवटा प्रस्तावहरुको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त पहिलो प्रस्तावका प्रस्तावक मा० श्री सुवासचन्द्र नेम्वाङ्गले "यस सभाका माननीय सदस्य श्री देवराज घिमिरेलाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुभयो ।

यसैबीच सम्माननीय सभामुखले पहिलो प्रस्तावका प्रस्तावक मा० श्री सुवासचन्द्र नेम्वाङ्गलाई प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुहुँदा मा० श्री रामहरि खतिवडाले नियमापत्ति गर्नुहुँदै सदनमा अहिले सभामुख पदको निर्वाचन हुन गइरहेको र सदनमा हत्या अभियोग लागेका सदस्य समेत उपस्थित भएको भन्ने सुनिएकोले उहाँले सभामुख निर्वाचनको मतदान प्रक्रियामा सहभागी हुन पाउने नपाउने विषयमा निर्णय गरेर मात्र सदनको कारवाही अगाडि बढाउनु पर्दछ भन्नुभयो ।

तत्पश्चात उक्त प्रस्तावका समर्थक मा० श्री हितराज पाण्डे, मा० उपप्रधानमन्त्री एवं ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्री श्री राजेन्द्रप्रसाद लिङ्देन र मा० उपप्रधानमन्त्री एवं गृह मन्त्री श्री रवि लामिछानेले प्रस्तावको समर्थन गर्नुभयो ।

त्यसपछि दोस्रो प्रस्तावका प्रस्तावक मा० श्री विश्वप्रकाश शर्माले "यस सभाका माननीय सदस्य श्री ईश्वरी देवी न्यौपानेलाई सभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त उक्त प्रस्तावका समर्थक मा० श्री प्रकाश ज्वालाले प्रस्तावको समर्थन गर्नुभयो ।

तत्पश्चात प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस् भन्ने दुईवटै प्रस्तावहरुमाथि दलीय प्रतिनिधित्वको आधारमा भएको संक्षिप्त छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री विमलेन्द्र निधी
२. मा० श्री योगेश कुमार भट्टराई
३. मा० श्री माधव सापकोटा
४. मा० श्री मनिष झा
५. मा० श्री ज्ञान बहादुर शाही
६. मा० श्री प्रकाश अधिकारी
७. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
८. मा० श्री चन्द्र कान्त राउत
९. मा० श्री शरतसिंह भण्डारी
१०. मा० श्री गंगाराम चौधरी
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री चित्रबहादुर के.सी.
१३. मा० डा० अमरेश कुमार सिंह
१४. मा० श्री प्रभु साह
१५. मा० श्री योगेन्द्र मण्डल

त्यसपछि सम्माननीय सभामुखले मा० श्री सुवासचन्द्र नेम्वाङ्ग र मा० श्री विश्वप्रकाश शर्मालाई आ-आफ्नो प्रस्ताव फिर्ता लिन समय दिनुहुँदा उहाँहरुले आफ्नो प्रस्ताव फिर्ता नलिने जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावहरु मध्ये कायम रहेका प्रस्तावहरुलाई प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७ को उपनियम (४) बमोजिम क्रमशः निर्णयार्थ प्रस्तुत गरिने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो । साथै उहाँले पहिलो प्रस्ताव अर्थात् "यस सभाका माननीय सदस्य श्री देवराज घिमिरेलाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्ताव प्रतिनिधि सभा नियमावली, २०७५ बमोजिम प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित हुनुपर्ने भएकाले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा प्रतिनिधि सभा नियमावली, २०७५ का नियम ७ को उपनियम (६) बमोजिम दस्तखत सहितको मत विभाजनद्वारा मत संकलन गरिने जानकारी गराउँदै मत विभाजनको प्रक्रियाको सम्बन्धमा जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "यस सभाका माननीय सदस्य श्री देवराज घिमिरेलाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावलाई मत विभाजन गरी मत संकलन गर्दा प्रतिनिधि सभामा तत्काल उपस्थित भै मतदान गर्ने मा० सदस्यहरुको संख्या जम्मा २६८ (दुईसय अठ्सठ्ठी) रहेकोमा "यस सभाका माननीय सदस्य श्री देवराज घिमिरेलाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा जम्मा १६७ (एकसय सत्सठ्ठी) मत र विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा जम्मा १०० (एकसय) मत र प्रस्तावको "मत

दिन्न" भन्ने पक्षमा १ (एक) मत परेकोले "यस सभाका माननीय सदस्य श्री देवराज घिमिरेलाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्ताव प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित भएको घोषणा गर्नुभयो ।

*"यस सभाका माननीय सदस्य श्री देवराज घिमिरेलाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा मतदान गर्नुहुने मा० सदस्यहरु :-*

१. मा० श्री अच्युत प्रसाद मैनाली
२. मा० श्री अनिता देवी
३. मा० श्री अनिशा नेपाली
४. मा० श्री अब्दुल खांन
५. मा० श्री अमन लाल मोदी
६. मा० श्री अम्वर बहादुर रायामाझी
७. मा० डा० अमरेश कुमार सिह
८. मा० श्री अमृत लाल राजवंशी
९. मा० श्री अमृता देवी अग्रहरी
१०. मा० श्री अरुन कुमार चौधरी
११. मा० श्री अशोक कुमार चौधरी
१२. मा० श्री अशोक कुमार राई
१३. मा० श्री अस्मा कुमारी चौधरी
१४. मा० श्री असिम शाह
१५. मा० श्री इन्दिरा राना
१६. मा० श्री ईश्वर वहादुर रिजाल
१७. मा० श्री ईश्वरी घर्ती
१८. मा० श्री उमरावती देवी
१९. मा० श्री उर्मिला थेवे
२०. मा० श्री उर्मिला माझी
२१. मा० श्री ऋषिकेश पोखरेल
२२. मा० श्री एक नाथ ढकाल
२३. मा० श्री कल्पना मियाँ कुसारी
२४. मा० श्री कालुराम राई
२५. मा० श्री किरण कुमार साह
२६. मा० श्री कृष्ण गोपाल श्रेष्ठ
२७. मा० श्री के.पी. शर्मा ओली
२८. मा० श्री गणेश पराजुली
२९. मा० श्री गिता बस्नेत
३०. मा० श्री गोकर्ण राज विष्ट
३१. मा० श्री गोकुल प्रसाद बाँस्कोटा
३२. मा० श्री गोमा लाभ (सापकोटा)
३३. मा० श्री गंगा कार्की
३४. मा० श्री गंगा प्रसाद यादव
३५. मा० श्री गंगा राम चौधरी
३६. मा० श्री चन्दा कार्की भण्डारी
३७. मा० डा० चन्द्र कान्त राउत
३८. मा० श्री चन्द्र बहादुर विश्वकर्मा
३९. मा० श्री छविलाल विश्वकर्मा
४०. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
४१. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
४२. मा० श्री जनार्दन शर्मा
४३. मा० श्री ज्वाला कुमारी साह
४४. मा० श्री जुली कुमारी महतो (महासेठ)
४५. मा० श्री टोप बहादुर रायमाझी
४६. मा० श्री ठाकुर प्रसाद गैरे
४७. मा० श्री डोल प्रसाद अर्याल
४८. मा० श्री ढाका कुमार श्रेष्ठ
४९. मा० श्री तारा लामा तामाङ
५०. मा० डा० तोसीमा कार्की
५१. मा० श्री दयाल बहादुर शाही
५२. मा० श्री दामोदर पौडेल वैरागी
५३. मा० श्री दामोदर भण्डारी
५४. मा० श्री दिपक बहादुर सिंह
५५. मा० श्री दिपक बोहरा
५६. मा० श्री दिपा शर्मा
५७. मा० श्री दीपक कार्की
५८. मा० श्री दुर्गा राई
५९. मा० श्री देव राज घिमिरे
६०. मा० श्री देवि प्रकाश भट्टचन
६१. मा० श्री देवेन्द्र पौडेल
६२. मा० श्री धवलशम्मशेर जगंबहादुर राणा
६३. मा० श्री धुब्र बहादुर प्रधान
६४. मा० श्री नवल किसोर साह सुडी
६५. मा० श्री नारायण प्रसाद आचार्य
६६. मा० श्री नारायणी शर्मा
६७. मा० श्री निर्मला कोइराला
६८. मा० श्री निशा डागी
६९. मा० श्री नैनकला थापा
७०. मा० श्री पदम गिरी
७१. मा० श्री पुष्प कमल दाहाल (प्रचण्ड)
७२. मा० श्री पूर्ण बहादुर घर्ति मगर
७३. मा० श्री पृथ्वी सुव्वा गुरुङ
७४. मा० श्री प्रकाश अधिकारी
७५. मा० श्री प्रतिक्षा तिवारी
७६. मा० श्री प्रदिप यादव
७७. मा० श्री प्रभु साह
७८. मा० श्री प्रभु हजरा दुसाध
७९. मा० श्री प्रेम बहादुर महर्जन
८०. मा० श्री बलराम अधिकारी
८१. मा० श्री बसन्त कुमार नेम्वाङ्ग
८२. मा० श्री बासु देव घिमिरे
८३. मा० श्री बिना देवी
८४. मा० श्री बिनिता कठायत
८५. मा० श्री बिमला सुवेदी
८६. मा० श्री बुद्धिमान तामाङ्ग

८७. मा० श्री भगवती चौधरी
८८. मा० श्री भीम प्रसाद आचार्य
८९. मा० श्री मंगल प्रसाद गुप्ता
९०. मा० श्री मन बहादुर गुरुङ्ग
९१. मा० श्री मनिष झा
९२. मा० श्री महिन्द्र राय यादव
९३. मा० श्री महेन्द्र बहादुर शाही
९४. मा० श्री महेश कुमार वर्तौला
९५. मा० श्री महेश बस्नेत
९६. मा० श्री माधव सापकोटा
९७. मा० श्री मानबीर राई
९८. मा० श्री मिना तामाङ
९९. मा० श्री मिना यादव
१००. मा० श्री मेनका कुमारी पोखरेल
१०१. मा० श्री योगेन्द्र मण्डल
१०२. मा० श्री योगेश कुमार भट्टराई
१०३. मा० श्री रघुबीर महासेठ
१०४. मा० श्री रघूजी पन्त
१०५. मा० श्री रण कुमारी बलम्पाकी मगर
१०६. मा० श्री रणेन्द्र बराली
१०७. मा० श्री रन्जिता श्रेष्ठ
१०८. मा० श्री रन्जु कुमारी झा
१०९. मा० श्री रवि लामिछाने
११०. मा० श्री राज किशोर यादव
१११. मा० श्री राज कुमार गुप्ता
११२. मा० श्री राजेन्द्र कुमार राई
११३. मा० श्री राजेन्द्र प्रसाद लिङ्देन
११४. मा० श्री राम कुमार राई
११५. मा० श्री राम शंकर यादव
११६. मा० श्री रामसहाय प्रसाद यादव
११७. मा० श्री रुक्मणी राना बराइली
११८. मा० श्री रुपा सो. शी (चौधरी)
११९. मा० श्री रेखा यादव
१२०. मा० श्री रेखा शर्मा
१२१. मा० श्री रोसन कार्की
१२२. मा० श्री लक्ष्मी तिवारी
१२३. मा० श्री लाल प्रसाद साँवा लिम्बू
१२४. मा० श्री लालविर चौधरी
१२५. मा० श्री लिलानाथ श्रेष्ठ
१२६. मा० श्री लेख नाथ दाहाल
१२७. मा० श्री विक्रम पाण्डे
१२८. मा० श्री विजुला रायमाझी
१२९. मा० श्री विद्या भट्टराई
१३०. मा० श्री विना लामा
१३१. मा० श्री विनिता कुमारी सिंह
१३२. मा० श्री विराज भक्त श्रेष्ठ
१३३. मा० श्री विरेन्द्र प्रसाद महतो
१३४. मा० श्री विष्णु प्रसाद पौडेल
१३५. मा० श्री वीना जैसवाल
१३६. मा० श्री शक्ति बहादुर बस्नेत
१३७. मा० श्री शहनाज रहमान
१३८. मा० श्री शान्ती श्रेष्ठ
१३९. मा० श्री शिव नेपाली
१४०. मा० श्री शिशिर खनाल
१४१. मा० श्री शोभा ज्ञवाली
१४२. मा० श्री सन्तोष परियार
१४३. मा० श्री सम्झना थपलिया
१४४. मा० श्री सरस्वती सुब्बा
१४५. मा० श्री सराज अहमद फारुकी
१४६. मा० श्री सरिता भुसाल
१४७. मा० श्री सान्ती चौधरी
१४८. मा० श्री सुदन किराती
१४९. मा० श्री सुनिता बराल
१५०. मा० श्री सुमना श्रेष्ठ
१५१. मा० श्री सुवास चन्द्र नेम्वाङ्ग
१५२. मा० श्री सुशिला सिर्पाली ठकुरी
१५३. मा० श्री सुशीला श्रेष्ठ
१५४. मा० श्री सूर्य कुमारी श्रेष्ठ
१५५. मा० श्री सूर्य प्रसाद ढकाल
१५६. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
१५७. मा० श्री सूर्य मान तामाङ (दोङ)
१५८. मा० श्री सोनु मुर्मु
१५९. मा० श्री सोविता गौतम
१६०. मा० श्री हर्कमाया विश्वकर्मा
१६१. मा० श्री हरि ढकाल
१६२. मा० श्री हरि प्रसाद उप्रेती
१६३. मा० श्री हित बहादुर तामाङ
१६४. मा० श्री हितराज पाण्डे
१६५. मा० श्री हेमराज राई
१६६. मा० श्री ज्ञान बहादुर शाही
१६७. मा० श्री ज्ञानु बस्नेत सुवेदी

*"यस सभाका माननीय सदस्य श्री देवराज घिमिरेलाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा मतदान गर्नुहुने मा० सदस्यहरु :-*

१. मा० श्री अजय कुमार चौरसिया
२. मा० श्री अन्जनी श्रेष्ठ
३. मा० श्री अम्बिका बस्नेत
४. मा० श्री अम्मर बहादुर थापा
५. मा० श्री अर्जुन नरसिंह के.सी.
६. मा० डा० आरजु राणा
७. मा० श्री आशा वि.क.
८. मा० श्री ईश्वरी देवी न्यौपाने
९. मा० श्री उदय शंशेर ज.ब.रा.
१०. मा० श्री ऐन बहादुर शाही ठकुरी

११. मा० श्री कल्पना चौधरी
१२. मा० श्री कान्तिका सेजुवाल
१३. मा० श्री किशोर सिह राठोर
१४. मा० श्री कुसुमदेवी थापा
१५. मा० श्री कृष्ण कुमार श्रेष्ठ
१६. मा० श्री खम बहादुर गर्बुजा
१७. मा० श्री गगन कुमार थापा
१८. मा० श्री चन्दा चौधरी
१९. मा० डा० चन्द्रकान्त भण्डारी
२०. मा० श्री चित्र बहादुर के.सी.
२१. मा० श्री जावेदा खातुन जागा
२२. मा० श्री जीवन परियार
२३. मा० श्री डिग बहादुर लिम्वु
२४. मा० श्री डिल्ली राज पन्त
२५. मा० श्री तेजु लाल चौधरी
२६. मा० श्री दिक्पाल कुमार शाहि
२७. मा० श्री दिनेश कुमार यादव
२८. मा० श्री दिपक खड्का
२९. मा० श्री दिपक गिरी
३०. मा० श्री दिलेन्द्र प्रसाद बडू
३१. मा० श्री दुर्लभ थापा क्षेत्री
३२. मा० श्री देव प्रसाद तिमलसेना
३३. मा० श्री धन बहादुर बुढा
३४. मा० श्री धनराज गुरुङ्ग
३५. मा० श्री नागिना यादव
३६. मा० डा० नारायण खड्का
३७. मा० श्री नारायण प्रकाश साउद
३८. मा० श्री पुष्प बहादुर शाह
३९. मा० श्री पूर्ण बहादुर खड्का
४०. मा० श्री पूर्ण वहादुर तमाङ्ग
४१. मा० श्री प्रकाश ज्वाला
४२. मा० श्री प्रकाश मान सिंह
४३. मा० डा० प्रकाश शरण महत
४४. मा० श्री प्रतिमा गौतम
४५. मा० श्री प्रदिप पौडेल
४६. मा० श्री प्रेम बहादुर आले
४७. मा० श्री बद्री प्रसाद पाण्डे
४८. मा० श्री भानुभक्त जोशी
४९. मा० श्री मन्जु खांण
५०. मा० श्री महन्थ ठाकुर
५१. मा० श्री महेन्द्र कुमार राय
५२. मा० श्री माधव कुमार नेपाल
५३. मा० श्री माया राई
५४. मा० श्री मुक्ता कुमारी यादव
५५. मा० श्री मेटमणि चौधरी
५६. मा० श्री मैना कार्की
५७. मा० श्री मोहन आचार्य
५८. मा० श्री मोहन बहादुर बस्नेत
५९. मा० श्री योगेश गौचन थकाली
६०. मा० श्री रमा कोईराला पौड्याल
६१. मा० श्री रमेश रिजाल
६२. मा० श्री रमेश लेखक
६३. मा० श्री राजु थापा
६४. मा० श्री राजेन्द्र कुमार के.सी.
६५. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
६६. मा० श्री राजेन्द्र बजगाई
६७. मा० श्री राम कृष्ण यादव
६८. मा० श्री रामचन्द्र पौडेल
६९. मा० श्री रामनाथ अधिकारी
७०. मा० श्री राम प्रकाश चौधरी
७१. मा० श्री राम हरि खतिवडा
७२. मा० श्री रुपा वि.क.
७३. मा० श्री लिला देवी वोखिम (लिम्बू)
७४. मा० श्री विनोद कुमार चौधरी
७५. मा० श्री विमलेन्द्र निधी
७६. मा० श्री विर बहादुर बलायर
७७. मा० श्री विश्व प्रकाश शर्मा
७८. मा० श्री विष्णु कुमार कार्की
७९. मा० श्री शरत सिंह भण्डारी
८०. मा० श्री श्याम कुमार घिमिरे
८१. मा० डा० शशांक कोइराला
८२. मा० श्री शान्ती वि.क.
८३. मा० डा० शुनिल कुमार शर्मा
८४. मा० डा० शेखर कोइराला
८५. मा० श्री शेर बहादुर कुँवर
८६. मा० श्री शेर बहादुर देउवा
८७. मा० श्री शंकर भण्डारी
८८. मा० श्री सन्तोष चालिसे
८९. मा० श्री सर्वेन्द्र नाथ शुक्ला
९०. मा० श्री सरस्वती वजिमय
९१. मा० श्री सरिता प्रसाई
९२. मा० श्री सिता कुमारी राना
९३. मा० श्री सिता गुरुङ्ग
९४. मा० श्री सिता मिजार
९५. मा० श्री सुरेन्द्र राज आचार्य
९६. मा० श्री सुशिला थिङ
९७. मा० श्री संगीता मण्डल धानुक
९८. मा० श्री संजय कुमार गौतम
९९. मा० श्री हृदयराम थानी
१००. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

*"यस सभाका माननीय सदस्य श्री देवराज घिमिरेलाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावको "मत दिन्न" भन्ने पक्षमा मतदान गर्नुहुने मा० सदस्यहरु :-*

१. मा० श्री प्रेम सुवाल

तत्पश्चात सम्माननीय सभामुखले “यस सभाका माननीय सदस्य श्री देवराज घिमिरेलाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्” भन्ने प्रस्ताव प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतले पारित भई माननीय सदस्य श्री देवराज घिमिरे प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित हुनुभएकोले दोस्रो प्रस्ताव अर्थात् माननीय श्री विश्वप्रकाश शर्मा प्रस्तावक र माननीय श्री प्रकाश ज्वाला समर्थक हुनुभई “यस सभाका माननीय सदस्य श्री ईश्वरी देवी न्यौपानेलाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७ को उपनियम (५) बमोजिम निर्णयार्थ प्रस्तुत गर्नु नपर्ने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले संघीय संसद, प्रतिनिधि सभाको सभामुख जस्तो गरिमामय पदमा निर्वाचित हुनु भएकोमा माननीय श्री देव राज घिमिरेलाई आफ्नो व्यक्तिगत एवं प्रतिनिधि सभाको तर्फबाट कार्यकालको सफलताको लागि शुभकामना व्यक्त गर्दै हार्दिक बधाई दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ८ बमोजिम प्रतिनिधि सभाको उपसभामुख पदको निर्वाचनको लागि यही २०७९ साल माघ ७ गते शनिबारको दिन तोकेको जानकारी गराउँदै सोही नियमको उपनियम (१) बमोजिम प्रतिनिधि सभाको सचिव श्री गोपालनाथ योगीलाई उपसभामुख पदको निर्वाचन कार्यक्रम सम्बन्धी सूचना आजै प्रकाशित गर्न समेत निर्देशन दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले आफुले संघीय संसद, प्रतिनिधि सभाको यस अधिवेशनमा ज्येष्ठ सदस्यको रुपमा बैठकको अध्यक्षता गर्न पाएकोमा ज्यादै खुशी र गौरवान्वित महशुस गरेको र आफ्नो अध्यक्षता अवधिभर बैठक सञ्चालनमा सहयोग पुऱ्याउनु हुने सभाका माननीय सदस्यहरु, नेपाल सरकार, संघीय संसदको महासचिव लगायत सचिवालयका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु भन्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले मिति २०७९ माघ १ गते पोखरामा भएको विमान दुर्घटनाका सम्बन्धमा निम्नलिखित विशेष प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

विशेष प्रस्ताव

“प्रतिनिधि सभाको यो बैठक २०७९ साल माघ १ गते आइतबार बिहान काठमाडौंबाट पोखराको लागि उडेको यती एयरलाइन्सको **9N-ANC-ATR-72-500** विमान पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नजिक सेती नदीको खोंचमा बिहान १०:५० बजे दुर्घटना भई ७२ जनाको दु:खद निधन भएको घटनाप्रति गहिरो दु:ख प्रकट गर्दै दिवंगतहरुको आत्माको चिरशान्तिको कामना गर्दछ र शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछ ।”

तदुपरान्त सभाले यति एयरलाइन्सको विमान दुर्घटनामा दिवंगत हुनुभएकाहरुको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल माघ ७ गते शनिबार दिनको १:०० बजे बस्नेगरी आजको बैठक दिनको ३:३५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव